नेपाल सरकार
**जनसंख्या तथा वातावरण मन्त्रालय**

**प्रेस विज्ञप्ति**

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका (प्रारुप) महासन्धी (United Nations Framework Convention on Climate Change) र यसको अभिसन्धी Kyoto Protocol को पक्ष राष्ट्रको हैसियतमा नेपालले स्थापनाकालदेखि नै सकृय भुमिका निर्वाह गर्दै आएको छ । यसको सभा, सम्मेलन, बैठक, अन्तरकृया तथा वार्ता प्रकृयामा भाग लिई सकृय रुपमा योगदान पुर्‍याएको छ भने जलवायु परिवर्तन सम्बन्धी अन्तरराष्ट्रिय सहयोग जुटाउन पनि अग्रिम रुपमा कार्यहरु गरिरहेको छ । विशेष गरी सन् २०१३।१४ मा अल्पविकसित राष्ट्रहरुको अध्यक्षताको कार्यकाल सफलतापुर्वक सम्पन्न गरेको नेपालले हाल पनि उक्त महासन्धीको तिन वटा महत्वपूर्ण अन्तर्राष्ट्रिय पदहरुमा जिम्मेवारी निर्वाह गरि रहेको छ ।

उक्त महासन्धी अन्तर्गत जलवायु परिवर्तनका असरलाई सम्बोधन गर्नको लागि पक्ष राष्ट्रहरुको वैठक सन् १९९२ देखि प्रत्येक वर्ष बस्दै आएकोमा २१ औं सम्मेलन फ्रान्सको राजधानी पेरिसमा नोभेम्बर ३० देखि डिसेम्बर १२, २०१५ सम्म संचालन भएको थियो । सो सम्मेलनले जलवायु परिवर्तनका असरलाई सम्बोधन गर्नका लागि २९ धारा रहेको ऐतिहासिक "पेरिस सम्झौता" पारित गरेको थियो ।

नेपालले पेरिस सम्झौतालाई १२ डिसेम्बरका दिन नै समर्थन गरेको हो भने नेपाल सरकारको तर्फबाट तत्कालिन उप-प्रधान तथा परराष्ट्र मन्त्रीज्यूबाट २२ अप्रिल २०१६ मा पेरिस सम्झौतामा संयुक्त राष्ट्रसंघ मुख्यालय न्यूयोर्कमा हस्ताक्षर भएको हो । यसै गरी संयुक्त राष्ट्रसंघको साधारण सभाको क्रममा २१ सेप्टेम्बर, २०१६ का दिन राष्ट्रसंघका महासचिवज्यूबाट अनुमोदन बिषयमा जानकारी दिने र लिने कार्य समेत सम्पन्न भएको थियो । नेपालको तर्फबाट यसको अनुमोदन नेपालको संविधानको धारा, २७९ र सन्धि ऐन, २०४७ को दफा ४ बमोजिम व्यवस्थापिका संसदबाट मिति २०७३।६।१८ मा भएको हो ।

व्यवस्थापिका संसदबाट अनुमोदन पश्चात २०७३।६।१९ मा परराष्ट्र मन्त्रालय र न्युयोर्कस्थित नेपाल नियोगबाट नेपालको Nationally Determined Contributions (NDC) लगायत Instrument of Ratification का सम्पूर्ण दस्तावेजहरु संयुक्त राष्ट्रसंघको मुख्यालयमा पेश गर्ने कार्य सम्पन्न भई सोही दिन नेपालको अनुमोदनले विधिवत मान्यता प्राप्त गर्‍यो । उक्त सम्झौता बहुपक्षीय भएकोले यसको कार्यान्वयनको लागि नेपाल लगायत कम्तिमा ५५ राष्ट्र र ५५ प्रतिशत हरितगृह ग्याँस उत्सर्जन गर्ने राष्ट्रहरुले अनुमोदन गर्न आवश्यक भएकोमा नेपालले अनुमोदन गर्नु अघि असोज १७, २०७३ सम्म ६२ देशले र ५१.८९ प्रतिशत हरितगृह ग्याँस उत्सर्जन गर्ने राष्ट्रहरुले अनुमोदन गरिसकेको अवस्था रहेकोमा असोज १९, २०७३ मा नेपालले अनुमोदन गर्दा र अन्य राष्ट्र थप हुँदा ५५ प्रतिशत हरितगृह ग्याँसको सिमाको लक्ष्य सहज प्राप्त भई पेरिस सम्झौता ०४ नोभेम्बर २०१६ देखि कार्यान्वयनमा आउने भएको छ ।

यस सम्झौताबाट नेपाललाई दायित्व भन्दा अवसरका सम्भावनाहरु प्रशस्त रहेको, ऐतिहासिक महत्वको यस सम्झौतालाई अनुमोदन गरेर नेपालले पनि अर्न्तराष्ट्रिय स्तरमा ऐक्यवद्धता प्रस्तुत हुने भएकोले नेपाल जस्तो अल्पविकसित तथा पर्वतीय मुलुकको विशिष्ट अवस्थाको दिगो विकासलाई प्रबर्द्धन गर्न आवश्यक रहेको छ । हालको अवस्थामा सम्झौता कार्यान्वयनको लागि विभिन्न सरोकारवाला मन्त्रालयहरुबाट जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनका कृयाकलापहरु संचालन गरिने भएकोले छुट्टै कानून बनाउनु पर्ने देखिँदैन । यस सम्झौताको उपयुक्त समयमा भएको अनुमोदनले नेपालको आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न सहज हुने र अन्तर्राष्ट्रिय समुदायको नेपाल सम्मान र प्रतिष्ठालाई उचो राख्ने काम भएको छ ।

**२०७३ असोज २०**

**लक्ष्मी कुमारी वस्नेत**
**सह-सचिव एवं प्रवक्ता**